श्री
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर
इजलास
माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना
लेखा सदस्य श्री बासुदेव खनाल

**फैसला**

२०७९।०८० सालको निर्णय नं. १८७
पुनरावेदन नं. ०७८-RB-०२४५
पुनरावेदन दर्ता मिति २०७९।०३।१०

**मुद्दाः– निम्बु समेत हरियो तरकारी चोरी पैठारी ।**

जिल्ला धनुषा मिथिला गाँउपालिका वडा नं ४ बस्ने बर्ष ३३ को राम प्रबोध महत्तो.......................................................................................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरिक्षक टिका बहादुर के.सी.को प्रतिवेदनले नेपाल सरकार.......................................................................१ } प्रत्यर्थी वादी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- जलेश्वर भन्सार कार्यालय, महोत्तरी
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार अधिकृत श्री गुणराज सुवेदी
शुरु कार्यालयको निर्णय मितिः–२०७८/०५/११

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री जनक सिंह साउद
प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्वित नजीरः** ×

जलेश्वर भन्सार कार्यालयको मिति २०७८/०५/११ को निर्णय मिति २०७८/१०/१८ नक्कल निकाली थाहा पाई सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र

दफा ९(४) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. जिल्ला महोत्तरी मटिहानी न.पा. वडा नं. २ स्थित पुर्व शिव शंकर साह घर, पश्चिम मटिहानी न.पा. वडा नं.२ का वडा कार्यालय उत्तर र दक्षिण भारतबाट नेपाल जनकपुरतर्फ जाने आउने पक्की सडक यति किल्ला भित्र मिति २०७७/११/१२ गते अं.२२:०० बजेको समयमा प्रदेश ( -२, ०३-००१च.१५६८ नं.को सेतो पिक अप गाडीमा निम्बु र तरकारी समेत सामानहरु भन्सार छली चोरी पैठारी ल्याईरहेको अवस्थामा प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा गाडी रोकी चालकलाई गाडीबाट झारी सोधपुछ गर्दा जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं.४ बस्ने वर्ष ३३ को राम प्रवेश महतो नाम थर र वतन बताउनेलाई तत्काल भागी फरार हुन जाने हुँदा निजको नाउँमा जरूरी पक्राउ पुर्जी समेत जारी गरी निम्बु ९० करेक निम्बु ,सोहजन २३ बोरा र प्रदेश-२,-०३-००१ च.१५६८ नं.भएको ई.नं.४९PCR10AZX600099 चेसिस.न.MAT464602LSR00123 भएको सेतो पिक अप सामानहरू समेत बरामद गरेको भन्ने मिति २०७७।११।१२ गते खडा गरेको खानतलासी/बरामदी मुचुल्का।

२. जिल्ला प्रहरी कार्यालय, महोत्तरीबाट खटी गएका प्रहरी उपरीक्षक टिका बहादुर के.सी. समेतको प्रतिवेदनबाट मिति २०७७।११।१२ गते अन्दाजी २२ बजेको समयमा जिल्ला महोत्तरी मटिहानी वडा नं. २ स्थित सडकमा भारत तर्फबाट भन्सार छली चोरी निकासी गरी नेपालको जनकपुर तर्फ प्र. २-०३-००१ च १५६८ नम्बरको सेतो पिकअपमा ९० करेक प्रति करेक रू.१,००० का दरले जम्मा रू.९०,०००।— निम्बु,सोहजन २३ बोरा प्रति बोरा रू.५००का दरले जम्मा रू.११५००।-र प्रदेश २-०३-००११५६८ भएको सेतो पिक अप ई.नं.४९PCR10AZX600099 चे.न.MAT464602LSR00123 भएको सेतो पिक अप रू.२०,००,०००।-मुल्य समेत गरी जम्मा रू. २१,०१,५००।- बिगो बराबरका सामानहरू बरामद गरी,बरामदी मुचुल्का,उल्लेखित सामानहरू समेत साथै राखी भन्सार चोरी पैठारी तर्फ मुद्दामा आवश्यक कारबाहीको लागि भनी जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जलेश्वर भन्सार कार्यालयलाई लेखिएको मिति २०७७।११।१३ गतेको पत्र ।

३. जिल्ला प्रहरी कार्यालय, महोत्तरीले मलाई तरकारी लोड भएको गाडी सहित यहाँ बुझाइदिएको हो।हरियो तरकारी काठमाण्डौंको ब्यापारी केशव भन्नेको हो । पुरा नाम ठेगाना थाहा छैन । उहाँलाई म चिन्छु।फोनको भरमा तरकारी गाडीमा लोड गरेको हो।तरकारी जनकपुर लादै थिए, मटिहानी बजारमा लोड गरेको हो।म सँग

तरकारी सम्बन्धी बील ,वीजक तथा प्रज्ञापनपत्र लगायतका कुनै प्रमाण छैन, पेश गर्न सक्दिन। मालबस्तुको बिल लिनु पर्ने हो, लिइन, गल्ती भयो।कानून अनुसारको सजायमा मन्जुर छ। प्र.२-०३- ००१च१५६८ नम्बरको पिकअप मेरो हो। बैंकको नाममा छ, ऋणी म आफै छु। पिकअपको ब्लुबुकको प्रतिलिपी प्रहरीसँगै पेश गरेको छ भन्ने समेत ब्यहोराको भन्सार अधिकृत डिल्लीराम सुवेदी समक्ष प्रतिवादी रामप्रबोध महत्तोले मिति २०७७।११।१३ मा गरेको बयान ।

४. मिसिल साथ संलग्न कागजात तथा प्रतिवादीले दिएको बयान समेतको आधारमा भन्सार ऐन, २०६४ को दफा २(च) अनुसारको चोरी पैठारी कार्य गरेको होईन भनी मनासिव आधार नदेखिएको हुँदा पछि जे जस्तो ठहर्छ सोही बमोजिम हुने गरी हाललाई प्रतिवादी जिल्ला धनुषा मिथिला न.पा. वडा नं. ०४ बस्ने बर्ष ३३ को राम प्रवेश महतोवाट प्रहरी प्रतिवेदनमा उल्लेख भए वमोजिम निम्बु ९० करेट र सोहजन २३ बोरा मालवस्तुको प्रतिवेदन मूल्य रु. १,०१,५००।-( अक्षरेपी एक लाख एक हजार पाँच सय मात्र ) उल्लेख भए अनुसार भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा १(क) वमोजिम विगो कायम गरी विगो बमोजिम जरिवाना वापत रु. १,०१,५००।- ( अक्षरेपीः एक लाख एक हजार पाँच सय मात्र ) र सोही ऐनको दफा ५७ को उपदफा १(ख) वमोजिम सवारी साधनको चालकलाई हुने जरीवाना वापत रु. ५०,०००।- (पचास हजारमात्र) गरी जम्मा रु. १,५१,५००।- (अक्षरेपी एक लाख एकाउन्न हजार पाँच सय मात्र) नगद धरौटी माँग्नु, धरौटी दिए लिई साधारण तारेखमा छाड्नु, धरौटी दिन नसके सिदा खाने गरी पत्र वनाई कारागार कार्यालय जलेश्वर महोत्तरीमा हिरासतमा राख्न पठाउनु। साथै दाखिला भएका सवारी साधन बाहेक निम्बु ९० करेट र सोहजन २३ बोरा मालवस्तु सड्ने गल्ने हुनाले भन्सार ऐन, २०६४ को दफा ५०(३) र भन्सार नियमावली, २०६४ को नियम ३६(१२) अनुसार सूचना दिई तुरुन्त लिलाम बिक्रीको लागि सूचना प्रकाशित गर्नु र सो मालवस्तु लिलाम भई प्राप्त हुन आएको रकम धरौटीमा आम्दानी बाँध्नु भनी आदेश गरि दिए भन्ने व्यहोराको जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत गुणराज सुवेदीबाट मिति २०७७।११।१४ मा भएको आदेश ।

५. बरामदित सामान भन्सार ऐन, २०६४ को दफा २ (च) बमोजिम चोरी पैठारी गर्ने मनसायले भन्सार महसुल नतिरी तथा घोषणा नगरी लुकाइ छिपाइ ओसार-पसार गरेको,छानबिनको क्रममा बयान हुँदा बस्तुनिष्ठ कागजात, बिल वीजक एवं भन्सार प्रज्ञापन पत्र लगायतका कागजातहरु पेश नगर्दा मालबस्तुको बैद्यता पुष्टि भएन। भन्सार ऐन,२०६४ को दफा ५७ (१) बमोजिमको कसुर निज रामप्रबोध महतोले गरेको स्थापित हुन आयो ।यस दफा अनुसार बरामदित निम्बु (कागती) समेतका हरियो तरकारी र बिगो रू. १,५१,५००/- बराबर जरिवाना समेत हुने ठहर्छ । भन्सार ऐन, २०६४ को दफा ४९ (ख) बमोजिम निम्बु समेत चोरी पैठारी गर्न

मालवस्तु ढुवानीमा प्रयोग गरेको प्र.२-०३-००१च १५६८ (चे.नं. MAT464602LSR00123 ई.नं. 49PCR10AZX600099 ) नम्बरको पिकअप सवारी साधनसमेत जफत हुन्छ। मालवस्तुको विगो बराबरको जरिवाना रू. दश लाख भन्दा कम रहेकोले ऐन बमोजिम कैद गरी रहनु पर्ने देखिन आएन भन्ने समेत व्यहोराको जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री गुणराज सुवेदीद्धारा मिति २०७८।०५।११ मा भएको निर्णय।

६. उक्त निर्णय उपर प्रतिवादीको पुनरावेदन पत्र पर्न आएकोमा यस न्यायाधिकरणका स्रेस्तेदारबाट राजस्व न्यायाधिकरण नियमावली, २०३० को नियम १०(२) बमोजिम मिति २०७८।११।२२ भएको दरपीठ आदेश ।

७. बेरितको दरपीठ आदेश बदर गरी पाउ भन्ने व्यहोराको मिति २०७८।११।२६ मा निवेदक प्रतिवादीको तर्फबाट दायर गरेको निवेदन पत्र ।

८. यसमा के कसो भएको हो ? दरपीठ आदेश गर्दा लिइएका आधार समेतका सम्पुर्ण विवरण खुलाई श्रेस्तेदारबाट कैफियत प्रतिवेदन र जलेश्वर भन्सार कार्यालयबाट मिति २०७८।०५।११ मा भएको निर्णय सहितको सक्कल फायल झिकाई विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको यस न्यायाधिकरणबाट मिति २०७८।१२।०१ मा भएको आदेश।

९. मिति २०७८।१२।१३ मा यस न्यायाधिकरणका स्रेस्तेदारबाट पेश भएको कैफियत प्रतिवेदन।

१०. यसमा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९(४) र मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १३४ बमोजिम बेरितको दरपीठ आदेश बदर गरी दिएको छ।अब कानून बमोजिमको अन्य रित पुगेको भए प्रतिवादीको पुनरावेदन पत्र दर्ता गरी पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७९।०३।०५ मा भएको आदेश।

११. बरामद भएको भनिएको निम्बु लगायतका हरियो तरकारी भारतबाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरि ल्याएको होईन ।तरकारी महोत्तरी जिल्लाको मटियानी बजार मै खरिद गरी जनकपुर लादै थिए, मटिहानी बजारमा लोड गरेको हो। उक्त सामानहरु ल्याउने क्रममा बिना कारण प्रहरीबाट पक्राउ गरी एकतर्फी रुपबाट बरामद भनी झुट्टा बरामदी मुचुल्का खडा गरी सोहि आधारमा म पुनरावेदकलाई प्रतिवादी बनाई सुरु भन्सार कार्यालयमा दायर भएको मुद्दामा म पुनरावेदकले जलेश्वर भन्सार कार्यालयका भन्सार अधिकृत समक्ष मिति २०७७।११।१३ गते दिएको बयानमा मैले बिल, भरपाई छैन भनी बयान गरेको थिईन। सुरू प्रहरीले पक्राउ गर्दाको अवस्था देखि बयान गर्दा सम्म अवस्थामा मैले भन्सार अधिकृत र प्रहरी समेत समक्ष पेश भएको बिल भरपाई मिसिलमा संलग्न नगरी एकतर्फि रुपबाट म पुनरावेदकलाई झुट्टा आरोप लगाई निजहरुले मैले पेश गरेको भरपाई मिसिलमा

संलग्न नगरी जरिवाना सजाय समेत हुने गरी फैसला गरिएको छ। उक्त भरपाईलाई प्रस्तुत पुनरावेदन पत्र साथ पेश गरेको छु । मैले पेश गरेको प्रमाण तर्फ विवेचनानै नगरी सम्मानित भन्सार कार्यालयबाट मलाई भएको फैसला विल्कुलै कानूनी त्रुटिपूर्ण भएको हुँदा बदर भागी छ। सुरू मुद्दा अनुसन्धानका क्रममा भन्सार अधिकृत र प्रहरी समेत समक्ष पेश भएको बिल, भरपाई,भौचरतर्फ कुनै अनुसन्धान नगरी गाडि तथा गाडिमा लोड भएको निम्बु(कागती) लगायतका हरियो तरकारी समेत जफ्त गर्ने गरी मिति २०७८।०५।११मा गरेको निर्णय बदर गरी अभियोग दाबीबाट सफाई पाँउ भन्ने व्यहोराको प्रतिवादी राम प्रबोध महत्तोले मिति २०७९।०३।१० मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

१२. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०५।१० मा भएको आदेश।

## ठहर खण्ड

१३. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जनक सिंह साउदले प्रतिवादीले तरकारी लगायतका वस्तुहरू नेपालमा नै किनेको, नेपालमा किनेको बिल भर्पाईहरू पेश गर्दा समेत संलग्न नगरिएको,प्रतिवादीलाई मुद्दा हेर्ने अधिकारी समक्ष बयान सम्म पनि नगराइएको, निजहरुलाई निर्दोषिताको प्रमाण पेश गर्न मौका दिएको नदेखिएको, खानतलासी/बरामदी मुचुल्कामा देख्ने सुन्ने भनी राखिएका साक्षी समेत केही नबुझी प्रतिवादीबाट बरामद भएको भनी झुट्टा बरामदी मुचुल्का खडा गरी अभियोग पत्र समेत पेश नगरी शुरुमा गरिएको निर्णयमा भन्सार ऐन, २०६४ को दफा ८६ को त्रुटि विद्यमानता रहेकोले हचुवाको भरमा गरेको निर्णय कानुन सम्मत नभएको हुँदा शुरु कार्यालयको निर्णय बदरभागी छ। बदर गरी निजले सफाई पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१४. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले प्रतिवादीले भन्सार छली चोरी पैठारी गरिएको कार्य कानुन विपरीतको कसूर भएको देखिंदा शूरु कार्यालयबाट गरेको निर्णय मनासिव हुंदा सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

१५. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायी तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु

जलेश्वर भन्सार कार्यालयको निर्णय मिलेको छ,वा छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी राम प्रबोध महत्तोले भारत तर्फबाट भन्सार छली चोरी निकासी गरी नेपालको जनकपुर तर्फ प्र. २-०३-००१ च १५६८ नम्बरको सेतो पिकअपमा ९० करेक निम्बु ,सोहजन २३ बोरा हरियो तरकारी राखी सेतो पिक अपमा ल्याउदै गर्दा जिल्ला प्रहरी कार्यालय, महोत्तरीबाट खटी गएका प्रहरी उपरीक्षक टिका बहादुर के.सी. समेतले बरामद गरी, भन्सार चोरी पैठारीतर्फ कारवाहीको लागि पेश गरेको भनी चार किल्ला सहितको बरामदी/खानतलासी मुचुल्का तयार गरी प्रस्तुत मुद्दाको उठान भएको देखिन आयो।मौकामा अनुसन्धान अधिकृत समक्ष बयान गर्दा प्रतिवादी राम प्रबोध महत्तोले आफूबाट कुनै गल्ती भएको छैन,तरकारी नेपालबाटै किनेको हो, सजाय नगरियोस भनी कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

१७. भन्सार ऐन, २०६४ को दफा ५७ ले एक करोड रुपैयाँ सम्मको विगो भएको भन्सार चोरी निकासी वा पैठारी मुद्दा हेर्ने अधिकार भन्सार अधिकृतको हुने कानूनी व्यवस्था गरेको र सोही ऐनको दफा ८६ मा यस ऐनको प्रयोजनको लागि भन्सार अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम शुरु अदालतलाई भए सरहको अधिकार हुनेछ भन्ने व्यवस्था गरेको देखियो ।

१८. भन्सार ऐन,२०६४ को दफा ६०ख.मा यस ऐन अन्तर्गतका कसूरको अनुसन्धान तहकिकात गर्न महानिर्देशक वा भन्सार कार्यालयको प्रमुखले भन्सारको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्न सक्नेछ।उपदफा (२) मा उपदफा (१) बमोजिम तोकिएको अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा तत्काल प्राप्त प्रमाणबाट अभियोग लागेको व्यक्ति कसूरदार देखिएमा निजलाई यस ऐन बमोजिम हुन सक्ने कैद, जरिबाना बापतको रकम र बिगो समेत असुल गर्नुपर्नेमा त्यस्तो बिगो बराबरको रकम समेतको नगद धरौटी माग गर्न सक्नेछ।उपदफा (३) मा उपदफा (२) बमोजिम माग गरेको नगद धरौटी दाखिला नगरेमा अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारीको अनुमती लिई थुनामा राख्न सक्नेछ।उपदफा (४) मा अनुसन्धान अधिकृतले अनुसन्धान तहकिकातको काम शुरु भएको पच्चीस दिनभित्र अनुसन्धान सम्पन्न गरी दफा ५७ को उपदफा (१ग) र(१घ) बमोजिम सजाय हुने मुद्दाको हकमा सरकारी वकीलको राय लिई मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।जस अनुसार यस मुद्दामा अनुसन्धान तहकिकात गर्न भन्सार कार्यालयको प्रमुखले भन्सारको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत तोकेको पत्र मिसिल सामेल देखिदैन।साथै सोही ऐनको दफा ६०क. मा यस ऐनको

दफा ५७ को उपदफा (१ग) र (१घ)अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ भन्ने व्यवस्था समेत रहेको देखिन आउँछ।

१९. मुलुकी फौजदारी कार्यबिधि संहिता,२०७४ को दफा ३ को (२) मा उपदफा (१) मा उल्लिखित छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको बिषयमा यस संहिताको व्यवस्था लागू हुनेछ भन्ने व्यवस्था रहेबाट बिशेष ऐन अन्तर्गत सजाय हुने नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार रहेको न्यायिक वा अर्धन्यायिक निकायले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा फौजदारी न्यायका मान्य सिद्धान्तको अक्षरशः परिपालना गर्नुका साथै मुलुकी फौजदारी कार्यबिधि संहिता,२०७४ मा व्यवस्था गरिएको कार्यबिधि बमोजिम नै मुद्दामा कारवाही, सुनुवाई र फैसला गर्नुपर्दछ।कुनै पनि व्यक्ति उपर अभियोग पत्र दर्ता हुन आएमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १२१ बमोजिम अभियुक्तलाई अभियोग सुनाउनुपर्ने र दफा १२२ बमोजिम त्यस्तो अभियोग उपर निजको के भनाई छ सोधी निजको बयान अभिलेख गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरिएको देखिन्छ। बयानको क्रममा अभियुक्तले आफ्नो निर्दोषिता पुष्टि गर्ने कुनै प्रमाण पेश गरेमा त्यस्तो प्रमाण बुझी परीक्षण समेत गर्नुपर्ने हुन्छ ।

२०. प्रस्तुत मुद्दामा कुन कानूनको कुन कसुरमा सजायको दाबी लिईएको हो भन्ने सम्बन्धमा अभियोग पत्र बिना नै प्रतिवादी राम प्रबोध महत्तोलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएकोमा प्रतिवादीलाई स्पष्ट आधार र कारण सहित मुद्दा हेर्ने अधिकारी समक्ष अभियोग पत्र दर्ता गरिएको देखिएन।मुद्दा हेर्ने अधिकारी समक्ष बयान गराएको समेत मिसिल संलग्न कागजबाट देखिन आएन।बयान नै नलिए पछि प्रतिवादीले आरोपित कसूर विरुद्ध निर्दोषिताको प्रमाण पेश गर्ने आधारभूत न्यायिक अधिकारबाट समेत बन्चित भएको देखियो।मिति २०७७।११।१२ को बरामदी मुचुल्काका मालबस्तु सहित पक्राउ परेका यी प्रतिवादीलाई मिति २०७७।११।१३ मा भन्सार अधिकृत डिल्लीराम सुवेदी समक्ष बयान गराईएकोमा र प्रमुख भन्सार अधिकृत गुणराज सुवेदीले मिति २०७७।११।१४ मा रू.१,५१,५००।-धरौटी माग गरेको भएपनि अनुसन्धान अधिकृत तोकी व्यवस्थित अनुसन्धान सम्पन्न गरी प्रतिवादीको हकमा अभियोग पत्र दर्ता भएको देखिदैन।

२१. भन्सार ऐन, २०६४ को दफा ८६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद १३ बमोजिम बाध्यात्मक रुपले पालना गर्नुपर्ने मुद्दा हेर्ने अधिकारीले प्रतिवादीको बयान लिने, वादी प्रतिवादीले पेश गरेका प्रमाण बुझ्ने,आधार र कारण सहित न्याय निरोपण गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया (due process of law) अबलम्बन गरी स्वच्छ र निष्पक्ष रुपमा न्याय सम्पादन गर्नुपर्नेमा सो कुनै कुरा प्रस्तुत मुद्दामा गरेको नदेखिंदा स्वच्छ कानुनी प्रक्रिया पालना नगरी प्रतिवादीलाई भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१) को कसूरदार ठहर गरी भएको

शुरु जलेश्वर भन्सार कार्यालयको मिति २०७८।५।११ को निर्णयलाई न्यायोचित र कानून सम्मत मान्न नमिलेकोले बदर गर्नुपर्ने अवस्था देखियो।

२२. यस स्थितिमा पुनरावेदक प्रतिवादी तारेखमा नवसेकोले निज प्रतिवादीलाई जलेश्वर भन्सार कार्यालयमा उपस्थित हुन सूचना दिई, प्रतिवादीको हकमाकानून बमोजिम रीतपुर्वकको अभियोग पत्र दायर गरी प्रतिवादीलाई उक्त अभियोग पत्र सुनाई, मागदावी सम्बन्धमा प्रतिवादीलाई जानकारी गराई, मुद्दा हेर्ने अधिकारीले प्रतिवादीको बयान लिने, प्रमाण दाखिला गराउने वा अरु जो जे बुझ्नु पर्छ बुझी कानुनको उचित प्रक्रिया पुरा गरी स्वच्छ र निष्पक्ष रुपमा कारबाही र सुनुवाई गरी आधार र कारण सहित पुनः निर्णय गर्नु भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (२) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ (१) बमोजिम शुरु जलेश्वर भन्सार कार्यालयमा मिसिल पठाउनु पर्ने हुन आयो।

२३. तसर्थ, माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी राम प्रवोध महत्तो विरुद्धमा अनुसन्धान अधिकृतले कानून वमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष अभियोग पत्र दायर गरेको र प्रतिवादीलाई मुद्दा हेर्ने अधिकारीले अभियोग पत्र सुनाई वयान लिइ निजलाई निर्दोषिताको प्रमाण पेश गर्ने मौका प्रदान गर्ने समेतका कानूनको उचित प्रक्रिया (Due Process of law) पुरा गरी फैसला गरेको मिसिलबाट देखिन नआएको हुँदा भन्सार ऐन, २०६४ को दफा ८६ को त्रुटी गरी भएको जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतको मिति २०७८।०५।११ को फैसला बदर गरिदिएको छ।अब प्रतिवादीको हकमा रीतपुर्वकको अभियोग पत्र दायर गरी प्रतिवादीलाई उक्त अभियोग पत्र सुनाई मुद्दा हेर्ने अधिकारीले वयान लिई निजलाई निर्दोषिताको सवुद प्रमाण पेश गर्ने मौका समेत प्रदान गरी कानूनको उचित प्रक्रिया अवलम्बन गर्न अन्य जो जे वुझ्नु पर्छ वुझि आधार र कारण सहित पुनः निर्णय गर्नु भनी पुनरावेदक प्रतिवादी तारेखमा नवसेकोले निज प्रतिवादीलाई जलेश्वर भन्सार कार्यालयमा उपस्थित हुन सूचना दिई प्रस्तुत मुद्दाको मिसिल शुरु जलेश्वर भन्सार कार्यालयमा पठाई दिने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू।

## तपसील खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु जलेश्वर भन्सार कार्यालयबाट मिति २०७८/०५/११ मा भएको निर्णय बदर भएकोले प्रतिवादीलाई जलेश्वर भन्सार कार्यालयमा उपस्थित हुन सूचना दिई,प्रतिवादीको बयान लिई वादी प्रतिवादीले पेश गरेका प्रमाण बुझ्ने लगायत अरू जो जे बुझ्नु पर्छ बुझी कानून बमोजिम पुनः मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु भनी यो फैसला सहितको शुरु मिसिल समेत जलेश्वर भन्सार कार्यालय, जलेश्वरमा पठाई दिनू ।

२.	माथी ठहर खण्डमा लेखिए बमोजिम शुरु फैसला बदर भएकोले फैसलाको ठहर खण्डमा लेखिएको जरिवाना असुल गर्ने र पिक अप लिलाम गर्ने गरी राखिएको लगत कट्टा गर्नू भनी शुरु जलेश्वर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।

३.	यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकीलको कार्यालय काठमाडौलाई पठाइदिनू ।

४.	प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू ।

५.	सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू ।

६.	प्रस्तुत पुनरावेदन दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

बासुदेव खनाल
(लेखा सदस्य)

**<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>**

शाखा अधिकृतः खेमकुमारी बस्नेत
टिपोट गर्नेः कम्प्युटर अपरेटर चन्द्र बहादुर नेपाली
इति सम्बत २०७९ साल फाल्गुन ११ गते रोज ५ शुभम.........................................
फैसला प्रमाणिकरण मितिः

राजस्व न्यायाधिकरण काठमाडौं मुकाम ललितपुरको छाप